**22nd May, 2026**

**यो आकाशवाणी हो**

**सबैभन्दा पहिला यस बुलेटिनका मुख्य समाचार-**

**1. भारत र साइप्रसले आतङ्कवाद विरुद्धमा संयुक्त कार्य समूह स्थापना गर्दै विभिन्न क्षेत्रसँग सम्बन्धित धैरै सम्झौता पत्रहरूमा गरे हस्ताक्षर**

**2. देशको सिमानालाई अझ अभेद्य बनाउन सरकारले स्मार्ट बोर्डर परियोजना सुरु गर्ने गृहमन्त्री अमित शाहले गर्नुभयो घोषणा**

**3. बढ्दो तापक्रमसँगै देशको विद्युत माग रेकर्डमा वृद्धि**

**4. सिबीआईले मडल ट्विशा शर्माको संदिग्ध मृत्युको जाँच गर्ने**

**अनि**

**5. एआई-बाट निर्मित पहिलो चलचित्र कान्स फिल्म फेस्टिभल-मा पहिलोपटक प्रदर्शित**

**1. प्रधानमन्त्री-साइप्रस राष्ट्रपति**

भारत र साइप्रसले आज आतङ्कवाद विरुद्धमा संयुक्त कार्य समूह स्थापना गर्दै विभिन्न क्षेत्रसँग सम्बन्धित धैरै सम्झौता पत्रहरूमा हस्ताक्षर गरे। प्रधानमन्त्री नरेन्द्र मोदीले नयाँ दिल्लीमा साइप्रसका राष्ट्रपति **निकोस क्रिस्टोडौलिड्स**-सँग विभिन्न क्षेत्रमा द्विपक्षीय सहयोग सुदृढ पार्ने विषयमा छलफल गर्नुभयो। दुवै नेताहरूले बहुपक्षीय मञ्चहरूमा सहयोग सहित क्षेत्रीय र विश्वव्यापी महत्वका मुद्दाहरूबारे पनि छलफल गरे।

प्रधानमन्त्री मोदीले संयुक्त वक्तव्यमा भारत र साइप्रस बीचको मित्रता बलियो मात्र नभई अग्रगामी पनि रहेको बताउनु भयो। उहाँले पछिल्लो दशकमा साइप्रसबाट भारतमा लगानी लगभग दोब्बर भएको उल्लेख गर्नुभयो। श्री मोदीले भारत-युरोपेली संघ स्वतन्त्र व्यापार सम्झौताले नयाँ अवसरहरू खोलिने र दुई देशहरू बीच विश्वास प्रगाढ बन्ने मन्तव्य प्रकट गर्दै, भारत र साइप्रसले आगामी पाँच वर्षमा लगानी प्रवाह दोब्बर गर्ने लक्ष्य राखेको विषय साझा गर्नुभयो।

साइप्रसका राष्ट्रपति **निकोस क्रिस्टोडौलिड्स**-ले गत वर्ष दुई देशहरू बीचको द्विपक्षीय सम्बन्ध र युरोपेली संघ अनि भारत बीचको सम्बन्धमा अभूतपूर्व प्रगति भएको विचार व्यक्त गर्नुभयो।

साइप्रसका राष्ट्रपति भारतको चार दिने भ्रमणमा हुनुहुन्छ। भारत र साइप्रसले घनिष्ठतापूर्वक लामो समयदेखि साझेदारी गर्दै आइरहेका छन्। दुई देशले अर्को वर्ष फरवरीमा कूटनीतिक सम्बन्धको ६५औँ वर्षगाँठ मनाउनेछन्।

**2. शाह-बीएसएफ**

केन्द्रीय गृहमन्त्री अमित शाहले देशको सिमानालाई अझ अभेद्य बनाउन सरकारको स्मार्ट बोर्डर परियोजना सुरु गर्ने घोषणा गर्नुभएको छ। आज नयाँ दिल्लीमा **सीमा सुरक्षा बल (बीएसएफ)** -को दीक्षान्त समारोहमा बोल्दै श्री शाहले परियोजनामा **ड्रोन, राडार, क्यामेरा र अन्य प्राविधिक स्रोतहरू** समावेश हुने बताउनु भयो। उहाँले स्मार्ट बोर्डर अवधारणा अन्तर्गत **बीएसएफ-**को सुरक्षा प्रणालीमा प्रविधि एकीकृत गरेर आगामी एक वर्ष भित्र अभेद्य सीमा सुरक्षा पूर्वाधार विकास गर्ने काम भइरहेको बताउनु भयो।

गृहमन्त्रीले बीएसएफ १९६५ मा २५ बटालियन र सीमित स्रोतसाधनका साथ सुरु भएको जनाउँदै लगभग २,७०,००० कर्मचारीहरूको बलका साथ, यो अब विश्वको सबैभन्दा ठूलो सीमा सुरक्षा बल बनेको छ, भन्नुभयो। श्री शाहले सरकारले बीएसएफको क्षेत्राधिकार १५ किलोमिटरबाट ५० किलोमिटरसम्म विस्तार गरेको जानकारी दिँदै सरकारले घुसपैठलाई रोक्ने र देशबाट प्रत्येक घुसपैठकर्तालाई निष्कासन गर्ने निर्णय पनि गरेको बताउनु भयो।

### 3. प्रधानमन्त्री-रोजगार मेला नियुक्ति पत्र

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि 19औँ रोजगार मेलाको उपलक्ष्यमा भिडीयो कन्फरेन्सको माध्मबाट विभिन्न सरकारी विभाग र सङ्गठनहरूमा 51 हजार भन्दा ज्यादा युवाहरूलाई नियुक्ति पत्र प्रदान गर्नुहुनेछ। यो मेला देशभरीका 47 वटा स्थानमा आयोजना भइरहेको छ।

### 4. **विद्युत माग**

सरकारले विगत चार दिनदेखि देशको विद्युत माग रेकर्ड वृद्धि भएको बताएको छ। देशका धेरै भागहरूमा तापक्रम निरन्तर बढिरहेको छ। हिजो दिउँसोको विद्युत मागले अघिल्ला सबै रेकर्ड तोड्दै २७०.८२ गिगावाट पुगेको ऊर्जा मन्त्रालयले जनाएको छ। बुधबार यो २६५ गिगावाट नाघेको छ भने सोमबार र मंगलबार दिउँसोको विद्युत माग क्रमशः २५७ र २६० गिगावाट रहेको छ। दिउँसो २ बजेदेखि ४ बजेसम्म विद्युत माग उच्चतम हुन्छ।

मन्त्रालयले माग अनुसार विद्युत आपूर्ति गर्न पूर्ण रूपमा तयार रहेको बताएको छ। मन्त्रालयले नागरिकहरूलाई कमखर्ची र विवेकपूर्ण रूपमा विद्युत प्रयोग गर्न आग्रह गरेको छ।

### 5. **केन्द्रीय अन्वेषण बिउरो (सीबाआई)- मडल ट्विसा**

**केन्द्रीय अन्वेषण बिउरो (सीबाआई)**-ले भोपालमा मडल ट्विशा शर्मा संदिग्ध मृत्युको जाँच गर्नेछ। ट्विशा शर्मालाई 12 मैईमा आफ्नै घरमा मृत अवस्थामा भेटिएको थियो। प्रहरीले उनका पति समत सिंह र सासु बिरीबाला सिंहको विरुद्धमा दाइजो मृत्यु धाराअन्तर्गत मामला दर्जा गरेका छन्। यसै बीच उच्च न्यायलयले ट्विशा शर्माको मृतदेहलाई दोस्रोपटक पोस्मर्टम गर्न आदेश दिइएको छ। पोस्मर्टम दिल्लीस्थित एम्सका चिकित्शकहरूद्वारा गरिनेछ।

राष्ट्रीय महिला आयोगले यस सम्बन्धमा राज्य सरकारका मुख्य सचिव र डिजीपीलाई सातदिन भित्रमा विस्तृत कारवाहीको रिपोर्ट मागेको छ।

### 6. शुभेन्दु अधिकारी - भेटघाट

पश्चिम बङ्गालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज राष्ट्रपति भवनमा राष्ट्रपति द्रौपदी मुर्मुलाई सौहार्दपूर्ण भेट गर्नुभयो। श्री अधिकारीले रक्षामन्त्री राजनाथ सिंहलाई पनि भेट्नुभयो। सामाजिक सञ्जालमा पोस्टमा श्री सिंहले पश्चिम बंगालका मुख्यमन्त्री समृद्ध राजनीतिक र विधायिकी अनुभव भएको व्यक्ति हुन् भन्नुभयो। उहाँले श्री अधिकारीले पश्चिम बङ्गाललाई अझ उचाइमा पुऱ्याउने काम गर्नेछ भनी विश्वास पनि व्यक्त गर्नु भएको छ।

### 7. कृत्रिम बुद्धिमत्ता (एआई)-सिनेमा

कृत्रिम बुद्धिमत्ता **(एआई)** बाट बनेको नयाँ फिल्म हिजो **कान्स फिल्म फेस्टिभल**-मा पहिलेपटक प्रदर्शन भयो। **"हेल ग्राइन्ड"** शीर्षकको यो ९५ मिनेटको फिल्म १५ जनाको टोलीले १४ दिनमा मात्र सिर्जना गरेको थियो। यो फिल्म लगभग डलर $५००,००० लागतमा निर्माण गरेको थियो।

**सान फ्रान्सिस्को**-मा आधारित **स्टार्टअप हिग्सफिल्ड एआई**-ले बुधबार फिल्मको ट्रेलर रिलिज गर्‍यो। फिल्मको कथा देवता र राक्षसहरूमा आधारित छ। **हिग्सफिल्ड-**का संस्थापक **एलेक्स मशराबोभ**-ले यो पहिलो एआई फिल्म भएको बताउनु भयो। यसले एआईले अब सम्पूर्ण फिल्मभरि चरित्र निरन्तरता, विश्व सुसंगतता र कथानक कायम राख्न सक्छ भन्ने देखाउँछ।

**8. CBSE - समयसीमा**

**केन्द्रीय माध्यमिक शिक्षा बोर्ड (CBSE)** ले कक्षा १२ को बोर्ड परीक्षा उत्तरपुस्तिकाको स्क्यान गरिएका प्रतिलिपिहरू प्राप्त गर्ने अन्तिम मिति एक दिन बढाएर २४ मैई सम्म पुर्‍याएको छ। **CBSE** ले आफ्नो वेबसाइटमा आवेदनहरूको संख्यामा वृद्धि र प्राविधिक त्रुटिहरू पछि यो निर्णय गरेको हो, जसले अवरोध निम्त्याइरहेको थियो।

बोर्डले विद्यार्थीहरूलाई आफ्नो उत्तरपुस्तिकाको स्क्यान गरिएका प्रतिलिपिहरू प्राप्त गरेपछि पुनर्मूल्याङ्कनको लागि आवेदन दिन दुई दिनको समय दिने बताएको छ।

**9. आईपीएल**

आईपीएल क्रिकेटमा, सनराइजर्स हैदराबादले आज हैदराबादमा रोयल च्यालेन्जर्स बैंगलोरको विरूद्धमा खेलिरहेको छ। यो खेल अघि साँझ ७:३० बजेदेखि आरम्भ भइसकेको छ।

यसअघि, हिजो राति अहमदाबादको नरेन्द्र मोदी स्टेडियममा, गुजरात टाइटन्सले चेन्नई सुपर किङ्ग्सलाई 89 रनले पराजित गरेको थियो।

**अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट**

**1. भारत र साइप्रसले आतङ्कवाद विर ूद्धमा संयुक्त कार्य समूह स्थापना गर्दै विभिन्न क्षेत्रसँग सम्बन्धित धेरै सम्झौता पत्रहरूमा गरे हस्ताक्षर**

**2. देशको सिमानालाई अझ अभेद्य बनाउन सरकारले स्मार्ट बोर्डर परियोजना सुरु गर्ने गृहमन्त्री अमित शाहले गर्नुभयो घोषणा**

**3. बड्दो तापक्रमसँगै देशको विद्युत माग रेकर्डमा वृद्धि**

**4. सिबीआईले मडल ट्विशा शर्माको संदिग्ध मृत्युको जाँच गर्ने**

**अनि**

**5. एआई-बाट निर्मित पहिलो चलचित्र कान्स फिल्म फेस्टिभल-मा पहिलोपटक प्रदर्शित**